# चिनियाँ मोडलको शक्ति पृथकीकरण

असार ६, २०६१ (अन्तर्वार्ता)



डा. विपिन अधिकारी

**संघीय** राज्यव्यवस्थामा न्यायप्रणालीको स्वरूपलाई यसको अधिकारक्षेत्र र कार्यका विषयले निर्धारण गर्छ। संविधानसभाको न्यायप्रणालीसम्बन्धी समितिका सदस्यहरूको बहुमतले पारित गरेको अवधारणापत्र र मस्यौदा प्रतिवेदन संविधानसभाको पूर्ण बैठकमा पेस भइसकेको छ। भावी संविधानका अन्तर्वस्तुमा सर्वाधिक विवाद भएको विषय न्यायप्रणाली पनि भएको छ। प्रतिवेदनले स्वतन्त्र न्यायपालिकाको अवधारणालाई असर पर्ने गरी न्यायपालिका व्यवस्थापनका कुरा उठाए पनि यसले केही सकारात्मक पक्ष पनि समेटेको छ।

न्यायप्रणाली समितिले नेपालको वर्तमान न्यायप्रणालीको राम्रो विश्लेषण गरेको छ। स्वतन्त्र न्याय व्यवस्थापनका पक्ष, न्याय दिने कार्यमा अनुभव र सर्वोच्च अदालतलाई कसरी जवाफदेही बनाउने भन्ने विषयलाई समेटेको छ। यो सबैभन्दा राम्रो पक्ष हो। दोस्रो कुरा न्यायलाई घरघरमा पुऱ्याउने किसिमको व्यवस्था छ।

जिल्ला अदालत मातहतमा परम्परागत अदालत, मेलमिलाप केन्द्र जस्ता अवधारणाले न्यायमा जनताको पहुँचको राम्रो व्यवस्था गरेको छ। न्यायप्रणालीको एकीकृत स्वरूपलाई लगभग कायम राखेको छ।

संघीयताको स्वरूपभित्र यसलाई हेरिएको छ। कार्यकारिणी या व्यवस्थापकीय जस्तो पुनर्संरचना गरिए पनि न्यायालयलाई बलियो बनाउने ढाँचा भनेकै एकीकृत स्वरूप नै हो। जसले कानुनको शासन र संविधान तथा न्यायिक प्रक्रियालाई राष्ट्रिय रूपमा लागू गर्न मद्दत गर्छ। संघीयताको परिवेशमा आएको हुँदा प्रान्तीय अदालत र उच्च अदालतको स्वरूपमा आमजनताले आफ्नो हक मौलिक अधिकार सुरक्षित गर्ने व्यवस्था यसका राम्रो पक्ष हुन्।

ढाँचागत रूपमा यी राम्रा पक्ष भए पनि मस्यौदाले प्रस्तुत गरेको न्यायप्रणालीको स्वरूप समस्याग्रस्त छ। स्वतन्त्र न्यायप्रणालीलाई असर पार्ने प्रधानन्यायाधीश, न्यायाधीशको नियुक्ति पदोन्नति, स्थानान्तरण र सुविधाका बारेमा संवैधानिक संरचना जुन प्रस्तुत गरिएको छ, त्यसले न्यायप्रणाली स्वतन्त्र हुने अवस्था छैन।

एउटा सत्य के हो भने स्वतन्त्र व्यक्तिले मात्र स्वतन्त्र न्याय दिनसक्छ। पदीय हिसाबमा स्वतन्त्र व्यक्तिले मात्र निष्पक्ष न्याय दिनसक्छ, तर न्यायाधीशलाई स्वतन्त्र हुन दिने खालको व्यवस्था यसमा छैन। कार्यकारिणी वा व्यवस्थापकीय हस्तक्षेप हुने खालको व्यवस्था छ, जसले कुनै न्यायाधीशले व्यावसायिक हैसियत गरेको कार्यको मूल्यांकन गर्न त्यसलाई उत्तरदायी बनाउन स्वतन्त्र रहने व्यवस्था छ।

संघीय मुलुक होस् या अन्य, संविधानको व्याख्या गर्ने कार्य भनेकै सर्वोच्च अदालतको हो। व्याख्याको भूमिका संसदीय समितिलाई दिनु न्यायप्रणाली समितिको मस्यौदाको कठोर पक्ष हो। न्यायप्रणाली कार्यकारिणी वा व्यवस्थापकीय जस्तो सीधै जनताप्रति उत्तरदायीभन्दा पनि न्यायका सिद्धान्तप्रति उत्तरदायी हुन्छ। यदि उसकै अधिकार स्पष्ट गरिँदैन भने संविधानबमोजिम प्रजातन्त्र सुरक्षित हुनसक्ने देखिँदैन।

संसारमा धेरै मुलुक छन्, जहाँ न्यायाधीशको नियुक्ति राज्यप्रमुख या कार्यकारिणी प्रमुखले गर्छन्। तर बुझ्न आवश्यक विषय के हो भने नियुक्ति गरे पनि न्यायप्रशासनमा कार्यकारिणी वा व्यवस्थापकबाट नियन्त्रण या हस्तक्षेप नगर्ने न्यायपालिकालाई अलग राख्ने काम सभ्य राष्ट्रले गर्दै आएका छन्।

न्यायप्रणाली समितिको मस्यौदाले चिनियाँ मोडेलको शक्ति पृथकीकरणको सिद्धान्तलाई अंगीकार गर्न खोजेको देखिन्छ। चिनियाँ मोडेल जस्ताको तस्तै नभए पनि त्यहाँ न्यायिक शक्तिलाई पार्टीको पोलिटब्युरोबाट नियन्त्रण गरेजस्तै अवधारण मस्यौदाले लिएको छ।

संसद्ले न्यायपालिका स्थापित गर्छ, न्यायिक निकाय स्वतन्त्र होइन, जनप्रतिनिधिकै शक्ति हो भन्ने धारणा चिनियाँ शक्ति पृथकीकरणको अवधारणा हो। तर, यथार्थ के हो भने चीनमै पनि यी धारणाहरू अब परिवर्तन हुन थालेका छन्। विश्व अर्थव्यवस्थामा संलग्न हुने क्रममा उनीहरूले आफ्नो मान्यता परिवर्तन गर्दैछन्। न्यायालय जबसम्म स्वतन्त्र हुँदैन, स्वतन्त्रताको ग्यारेन्टी हुँदैन तबसम्म पुँजीबजार र अर्थतन्त्रले विस्तार हुँदैन भन्ने उनीहरू सोच्न थालिसके। माओत्से तुङको जस्तो मोडल त्यहाँ छैन। न्यायिक पुनरावलोकनलाई स्वीकार गर्न थालिइसकिएको छ।

न्यायपालिकाको परम्परागत सोच र व्याप्त भ्रष्टाचारकै कारण कतिपय विषयले मस्यौदामा नियन्त्रित व्यवस्थाको परिकल्पना गरेको छ। तर, यसो गर्दा भ्रष्टाचारबाट स्वतन्त्रता पो हुने हो कि भन्ने विषय सोच्नुपर्ने विषय हो। मस्यौदा प्रतिवेदनले जस्तो विकल्प निकाल्न खोजे पनि यसको स्वरूपमै त्रुटि छ। यसले जनप्रतिनिधि सदैव स्वच्छ हुन्छन् भन्ने परिकल्पना गर्नु नै यसको कमजोरी हो।

न्याय जसको नियन्त्रणमा हुन्छ, उसले नै यसको दुरुपयोग गर्छ भन्ने दलहरू को यो परिकल्पना यथार्थमा त्रुटिपूर्ण छ। मस्यौदाको पक्षमा रहेको मधेसी जनाधिकार फोरमले समेत स्वतन्त्र न्यायपालिकाको मर्मलाई मर्न र विखण्डित हुन नदिन पुनर्विचार गर्ने बताइसकेको छ।

नेकपा माओवादीको अभिव्यक्तिका रूपमा आएको मस्यौदामा बाँकी दलले अलगअलग दृष्टिकोण राखेको वर्तमान अवस्थामा सहमति हुन गाह्रो छ। मस्यौदाको प्रावधानअनुसार बन्ने संसदीय विशेष समिति जसले न्यायप्रणालीलाई नियन्त्रण गर्छ, त्यो समिति पनि संसद्मा बहुमतप्राप्त दलकै बन्ने हो।

संविधानको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई नदिइएपछि सर्वोच्च अदालतले न न्यायिक पुनरावलोकनको अवधारणा जीवित रहन्छ न त कुनै कानुन असंवैधानिक घोषणा गर्न मिल्छ। जुन विषय न्यायप्रणालीको निष्पक्ष प्रक्रिया र न्याय व्यवस्थाका लागि खतरनाक हुन्छ।

विशेष महत्त्व भएका विषयहरू प्रधानमन्त्री, सभामुख, निर्वाचित प्रमुख व्यक्तित्वहरूसँग सम्बन्धित विषयहरू सर्वोच्च अदालतले हेर्न नपाउने भएपछि संसद्प्रति प्रतिबद्ध न्यायप्रणालीको परिकल्पना यसले गरेको छ। स्वतन्त्रको ठाउँमा प्रतिबद्ध न्यायप्रणाली भपछि जसको राजनीतिक नेतृत्व छ, उसैको न्यायप्रणाली हुने भएपछि न्यायपालिका रहनु या नरहनुको मतलब नहुन सक्छ। यी विषयमा सहमति नभई न्यायप्रणालीको स्वरूपको सम्पूर्ण खाका तयार हुन गाह्रो छ। संविधान निर्माणको महत्त्वपूर्ण यो विषयमा सहमति नभई प्रक्रिया अघि बढ्न गाह्रो छ। जसका लागि मध्यमार्गी विषय पहिल्याउन जरुरी छ। जुन एउटा कठिन कार्य हो। न्यायप्रशासनका विषयमा नभई नियुक्ति सम्मका विषयमा मात्र संसदीय भूमिका रहने गरी बीचको बाटो खुलाउन सकिन्छ। तर, बुझ्नुपर्ने विषय भनेको न्यायपालिकाको अधिकार र कार्यक्षेत्रमा कुनै हस्तक्षेप र नियन्त्रण हुनु हुँदैन।

(पवित्रा राउतसँगको वार्तामा आधारित)

> संघीय मुलुक होस् या अन्य, संविधानको व्याख्या गर्ने कार्य भनेकै सर्वोच्च अदालतको हो। व्याख्याको भूमिका संसदीय समितिलाई दिनु न्यायप्रणाली समितिको मस्यौदाको कठोर पक्ष हो। न्यायप्रणाली कार्यकारिणी वा व्यवस्थापकीय जस्तो सीधै जनताप्रति उत्तरदायीभन्दा पनि न्यायका सिद्धान्तप्रति उत्तरदायी हुन्छ।

> न्यायप्रणाली समितिको मस्यौदाले चिनियाँ मोडेलको शक्ति पृथकीकरणको सिद्धान्तलाई अंगीकार गर्न खोजेको देखिन्छ।